# वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा
# संचालन सम्बन्धी मार्गदर्शन
# २०७०

## नेपाल सरकार
## संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा संचालन सम्बन्धी मार्गदर्शन, २०७०

## १. पुष्ठभुमि

विगत लामो समयदेखि  जिल्ला विकास समितिको मातहतमा रहने गरी नेपाल सरकार तथा विकास साझेदारहरुको समेत आर्थिक तथा प्राविधिक सहयोग र बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको समन्वय तथा सहयोगमा सबै जिल्ला विकास समितिका कार्यालयहरुमा उर्जा तथा वातावरण शाखा/इकाई सञ्चालनमा रहेका छन् । यी शाखामा कार्यरत कर्मचारीहरुको तलव भत्ता तथा सञ्चालन खर्च वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रले उपलब्ध गराउँदै आएको छ । यी शाखा/इकाइहरु मूलतः नवीकरणीय उर्जाको प्रबर्द्धनमा जिल्ला विकास समितिको परिसरमा रही वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र तथा जिल्ला विकास समिति प्रति दोहोरो उत्तरदायित्वमा काम गरिरहेका छन् । यस्तो अवस्थामा रहेका उर्जा शाखा/इकाईलाइ जिल्ला विकास समितिप्रति पूर्ण जवाफदेही बनाउन र त्यस्तो शाखाले गर्ने कामहरु बैकल्पिक उर्जामा मात्र सीमित नगरी समग्र रुपमा वातावरण संरक्षण, जलवायु परवर्तन, जैविक विविधता संरक्षण, स्वच्छ उर्जाको प्रबर्द्धन, विपद् व्यवस्थापन एवं फोहर व्यवस्थापन सम्बन्धि कामहरु प्रति जिम्मेवार र उत्तरदायी बनाउन जिल्ला विकास समितिको स्थायी संरचनामा वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा स्थापना गर्न वाञ्छनीय भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ को नियम २७६ बमोजिम नेपाल सरकारले यो मार्गदर्शन स्वीकृत गरी जारी गरेको छ ।

## २  आवश्यकता/औचित्यः

राष्ट्रको उच्च प्राथमिकतमा परेका उर्जा संकट समाधान, सबैलाई स्वच्छ खानेपानीको आपुर्ति, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को जोखिम न्युनिकरण, फोहरमैला व्यवस्थापन जस्ता कार्यहरुमा अपेक्षित रुपमा सफलता हासिल गर्न सकिएको छैन । ग्रामीण सडकहरु निर्माण गर्दा वातावरणिय पक्षलाई पर्याप्त ध्यान दिन सकिएको अवस्था छैन । लघुजलबिद्युत तथा अन्य स्वच्छ उर्जाको उत्पादन एवं कम उर्जा खपत गर्ने साधनहरुको प्रयोगमा आवश्यक ध्यान पुग्न सकेको छैन । ढुङ्गा, गिटी, बालुवा जस्ता प्राकृतिक श्रोतको दीगो उपयोगमा थुप्रै चुनौतीहरु देखिएका छन् । स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन (EIA) को कार्यान्वयनका क्रममा प्रतिकूल प्रभाव न्युनिकरणका लागि सिफारिस गरिएका सुझावहरुको कार्यान्वयनमा एकातिर पर्याप्त ध्यान पुगेको देखिंदैन भने अर्कोतिर प्रभावकारी रुपमा कार्यान्वयन भए/नभएको नियमित अनुगमन हुन सकेको छैन । जलवायु परिवर्तनले पारेका र पार्न सक्ने नकारात्मक असरहरु न्यून गर्न र अनुकुलन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्न जरुरी भैसकेको छ ।

आ.व. ०७०/७१ देखि राष्ट्रिय अनुकुलन कार्यक्रम (NAPA) अन्तर्गत नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले यस मन्त्रालयको सहकार्य र बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग DFID तथा युरोपियन युनियन EU को वित्तिय सहयोग तथा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम UNDP को प्राविधिक सहयोगमा मध्य-पश्चिमान्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका १४ वटा जिल्लाहरुका ६९ गा.वि.स.हरु तथा १ नगरपालिकाका अति संकटासन्न घर परिवारहरुलाई जलवायु परिवर्तनका नकारात्मक असरहरु कम गर्न स्थानीय समुदायद्वारा तयार पारिएको स्थानीय अनुकुलन कार्ययोजना (LAPA) कार्यान्वयन गर्नेगरी नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) को शुरुवात गरिएको छ ।

यी कामहरुलाई नतीजामुखी रुपमा  सञ्चालन गर्न नेपाल सरकारले घरपरिवार तहदेखि जिल्ला सम्मका सरल र मापनयोग्य सूचकहरु सहितको वातावरणमैत्री स्थानीय शासनको प्रारुप २०७० तयार गरी जारी गरिसकेको छ ।

नेपाल पक्ष राष्ट्र भएका वातावरण सम्बन्धि महासन्धि, सन्धि एवं प्रोटोकलहरु र अन्तरराष्ट्रिय मञ्चहरुमा जनाइएका प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्न पनि स्थानीय निकायहरुको महत्वपूर्ण भूमिका रहने हुन्छ। उल्लेखित पृष्ठभूमिमा स्थानीय स्वायत्त शासन ऐन/नियम, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि प्रचलित ऐन/नियम, नीति/रणनीति तथा निर्देशिकाहरुले जिल्ला विकास समितिलाई सुम्पेको वातावरण संरक्षण, जनस्वास्थ्य प्रवर्द्धन, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन जस्ता कामहरु व्यवस्थित र प्रभावकारी रुपमा जिल्लाभित्र सञ्चालन गर्न गराउन हालको उर्जा शाखा/इकाईबाट मात्र सम्भव हुने नदेखिंदा सबै जिल्ला विकास समितिका कार्यालयहरुमा वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखाको आवश्यक्ता महसुस भएको छ। यी सबै कार्यहरु जिल्ला विकास समितिको अगुवाई र समन्वयमा सञ्चालन गर्न एवं कामकारवाहीमा एकरुपता ल्याउन यो मार्ग दर्शन जारी गर्नु परेको हो।

## ३. संरचनात्मक व्यवस्था

### ३.१ शाखाको संगठनात्मक स्वरुपः

जिल्लामा वातावरण संरक्षण, जलवायु परवर्तन, जैविक विविधता संरक्षण, स्वच्छ उर्जाको प्रबर्द्धन, विपद् व्यवस्थापन एवं फोहर व्यवस्थापन सम्बन्धि कामहरु व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्ला विकास समितिको कार्यालयमा एक वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखा स्थापना हुनेछ। यसमा शाखा प्रमुखको रुपमा वातावरण, उर्जा तथा जलवायु परिवर्तन अधिकृत, अधिकृतस्तर छैटौ तह (प्राविधिक) एकजना र वातावरण उर्जा तथा जलवायु परिवर्तन सहायक, सहायकस्तर पाँचौतह (प्राविधिक) एकजना रहन सक्नेछन।

**३.२ पद सिर्जना र पदपूर्तिः** स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम आवश्यक विधि तथा प्रकृया पुरा गरी जिल्लाको आवश्यकता एवं आन्तरिक आयश्रोत अनुसार वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखाको लागि आवश्यक कर्मचारीको दरबन्दी सिर्जना तथा पदपूर्ति गर्नु पर्नेछ।

**३.३ योग्यता तथा अनुभवः** वातावरण, उर्जा तथा जलवायु परिवर्तन अधिकृत (शाखा प्रमुख) को शैक्षिक योग्यताको हकमा इञ्जिानियरिङ्ग (सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, कृषि, वातावरण) वा वातावरण सम्बन्धी विषयमा स्नातकोत्तर गरी कम्तीमा १ वर्ष अनुभव वा ४ वर्षे स्नातक गरी ३ वर्ष अनुभव भएको मध्ये जिल्लाले बढी प्राथमिकता दिएको विषयक्षेत्रसँग सम्बन्धित हुनुपर्नेछ। त्यस्तै, सहायकस्तर पाँचौतहको हकमा पनि माथि उल्लेखित विषयमा स्नातक गरेको वा प्रमाणपत्र तह उत्तिर्ण गरी कम्तीमा ३ वर्ष अनुभव भएको मध्ये जिल्लाले बढी प्राथमिकता दिएको विषयक्षेत्रसँग सम्बन्धित हुनुपर्नेछ।
आन्तरिक आयश्रोत कम भएका जिल्लाहरुले जिल्लाको प्राथमिकता अनुसारको विषयसंग सम्बन्धित अधिकृतस्तर छैठौ वा सहायकस्तर पाचौ एकजना मात्र कर्मचारीबाट शाखा सञ्चालन गर्नुपर्नेछ।
अधिकृतस्तर छैठौ र सहायकस्तर पाँचौ तहको कर्मचारीको पदपूर्ति गर्दा माथि उल्लेख गरिएभित्रबाट फरक फरक विषय क्षेत्रको हुनेगरी गर्नुपर्नेछ। सहायकस्तर/कार्यालय सहयोगी, सहायकस्तर प्रथम तहमा जिल्ला विकास समितिमा भईरहेको जनशक्ति खटाई काममा लगाउनु पर्नेछ। यस शाखामा रहने गरि अप्राविधिक कर्मचारी नियुक्ति गर्न सकिने छैन।

जिल्ला विकास समितिले प्रचलित कानूनको प्रक्रिया पुरा गरी आगामी आ.व. ०७१/७२ भित्र आवश्यक कर्मचारी सहित शाखा स्थापना र सञ्चालन गर्ने कार्य सम्पन्न गरी सक्नु पर्नेछ। प्रचलित कानूनको प्रक्रिया पुरा गरी पदपूर्ति नगर्दासम्मका लागि हाल उर्जा तथा वातावरण शाखा/इकाई र सोमा कार्यरत जनशक्तिलाई वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखामा समाहित गरी काम गराउनु पर्नेछ।

जिल्ला विकास समितिले यस अघि नै वातावरण शाखा स्थापना गरि सकेको र उर्जा शाखा/इकाई समेत रहेको अवस्थामा सो शाखाहरुमा कार्यरत जनशक्तिको माथि उल्लेखित योग्यता पुरा भएको अवस्थामा सिनियर कर्मचारीले वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखा प्रमुखको रुपमा काम गर्नेछ ।

## ४. वित्तीय व्यवस्थापन

हाल उर्जा तथा वातावरण शाखा/इकाईमा रहेका कर्मचारीहरुको तलव भत्ता लगायत प्रशासनिक खर्च नेपाल सरकारको श्रोत एवं विकास साझेदारको सहयोगबाट विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय मातहत रहेको बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र मार्फत जिल्ला विकास कोषमा चौमासिक रुपमा पठाउने गरिएको छ ।

यो शाखा जिल्ला विकास समितिमा आन्तरिकीकरण भै स्थानिय निकायले आफ्नै कर्मचारी व्यवस्थापन नगर्दा सम्म हाल कार्यरत कर्मचारीलाई आवश्यक पर्ने तलब भत्ता प्रशासनिक खर्च कम्तिमा ३ बर्षसम्म शत प्रतिशत र त्यस पछि २ बर्ष ५० प्रतिशत रकम सशर्त अनुदानको रुपमा विज्ञान प्रबिधि तथा वातावरण मन्त्रालयले (बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले) संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत जिल्ला विकास समितिलाइ उपलब्ध गराउनेछ ।

जिल्ला विकास समितिले हालको उर्जा तथा वातावरण शाखा/इकाईलाई वातावरण, उर्जा तथा जलवायु परिवर्तन शाखाको रुपमा आन्तरिकीकरण गर्नुपर्ने छ । शाखामा कार्यरत कर्मचारीको हकमा भने प्रचलित कानुन बमोजिम हुनेछ । सो शाखा मार्फत हालसम्म भएका कामहरु, सम्पत्ति तथा दायित्व समेत स्वत: जिल्ला विकास समितिमा सर्नेछ ।

### ४.१ वातावरण संरक्षण विशेष कोष सम्बन्धी व्यवस्था

जिल्ला विकास समितिले आफ्नो जिल्लाभित्र रहेका ऊर्जा, वातावरण तथा जलवायु परिवर्तनसंग सम्बन्धित स्रोतहरुको परिचालन गरी ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी आयोजनाहरुको मर्मत सम्भार तथा वातावरणमैत्री स्थानिय शासनको प्रारुपमा उल्लेखित सूचकहरु हासिल गर्न आवश्यक देखिएका कार्य गर्न स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४(१) को (ड) वमोजिम वातावरण संरक्षण विशेष कोष स्थापना गर्नेछ । जिल्ला विकास समिति/ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखाको लगानी समेत भएका आयोजनाहरु संचालनमा आएपछि सो को नाफाबाट प्राप्त हुने निश्चित प्रतिशत रकम, उर्जा, वातावरण तथा जलवायु परिवर्तनसंग प्रत्यक्ष सरोकार राख्ने ढुङ्गा, गिटी, वालुवा, काठ, दाउरा जस्ता प्राकृतिक स्रोत साधनको विक्री तथा कर र सेवा शुल्कवाट जिल्ला विकास समितिमा प्राप्त रकम मध्ये जिविसले तोकेको प्रतिशत अनुसारको रकम र जिविसमा प्राप्त हुने विद्युत रोयल्टीको रकम मध्ये निश्चित प्रतिशत रकम पनि यसै कोषमा जम्मा गरिनेछ । यस कोषको संचालन जिल्ला परिषद्ले स्वीकृत गरेको विनियम बमोजिम हुने छ । जिल्लामा वातावरण संरक्षण विशेष कोष स्थापना भएपछि उर्जा सम्बन्धि कोष यसैमा समाहित हुनेछ ।

## ५ वातावरण, उर्जा तथा जलवायू परिवर्तन शाखाको काम, कर्तव्य तथा जिम्मेवारी

१. वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिको सचिवालयको रुपमा काम गर्ने,
२. वातवरणमैत्री स्थानिय शासनको प्रारुपमा रहेका आधारभुत तथा विकसित सूचकहरु हासिल गर्न जिल्लाले गर्नुपर्ने कार्यहरुको रणनीतिक योजना तथा कार्यान्वयन कार्ययोजना बनाउने,

३. जिल्लास्तरीय वातावरण, उर्जा तथा जलवायु परिवर्तन सम्बन्धि विकास योजना कार्यान्वयनमा सहयोग, समन्वय, अनुगमन तथा मूल्यांकन गर्ने,

४. जिल्ला विकास समितिका आफ्नै वा जिल्लास्तरिय अन्य निकायहरुवाट तयार भएका विकास आयोजनाहरुमा वातावरण व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनको पक्ष एकीकृत गर्ने गराउने, सो को कार्यान्वियन भए नभएको यकिन गर्ने र माग भए बमोजिम आवश्यक सहयोग उपलब्ध गराउने,

५. फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धि कार्यहरुमा समन्वय, सहजीकरण गर्ने,

६. जिल्लाको वातावरण संवर्द्धन/संरक्षण, ऊर्जा उत्पादन र उपयोग, फोहर व्यवस्थापन तथा जलवायु परिवर्तन एवं विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुको विवरण तयार गर्ने र ति कार्यक्रमहको नियमित रुपमा प्रगति विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाउने,

७. वैकल्पिक ऊर्जा प्रबिधिहरुको प्रबर्द्धन, वातावरण संवर्द्धन/संरक्षण तथा जलवायु परिवर्तन, फोहर एवं विपद् व्यवस्थापन सम्बन्धि योजना कार्यान्वियन र बिकासका लागि सरकारी कार्यालय, गै.स.स., सहकारी, सामुदायिक संस्था, निजी क्षेत्र संग समन्वयकारी एवं सहजकर्ताको भूमिका निर्वाह गर्ने,

८. वातावरणमैत्री स्थानिय शासनको प्रारुपमा उल्लेखित सूचकहरु प्राप्ती सम्बन्धि विवरण चौमासिक रूपमा गा.वि.स. तथा नगरपालिकाबाट संकलन गरि मन्त्रालयमा पठाउने,

९. जिल्ला विकास समितिका आफ्नै वा जिल्लास्तरिय अन्य निकायहरुवाट तयार भएका विकास आयोजनाहरुमा वातावरण व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनको पक्ष एकीकृत गर्ने गराउने, सो को कार्यान्वियन भए नभएको यकिन गर्ने र माग भए बमोजिम आवश्यक सहयोग उपलब्ध गराउने ।

१०. जिल्ला विकास समितिको तर्फबाट तयार गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने कार्यमा सघाउ पुचाउने तथा स्वीकृत IEE तथा EIA मा उल्लेख भए बमोजिम न्युनिकरणका उपायहरु अबलम्बन भए नभएका सम्बन्धमा अनुगमन गर्न जिल्लास्तरमा गठित अनुगमन समितिको सचिवालयका रूपमा काम गर्ने,

११. वैकल्पिक ऊर्जा प्रवर्द्धन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन संवन्धी राष्ट्रिय नीति, रणनीति, कार्यक्रम वा परियोजनाहरु र सोसंग संवन्धित अनुदान र सो को परिचालन, प्राविधिक सहयोग, गुणस्तर लगायतका बिषयमा स्थानीयस्तरमा रहेका सरकारी निकायहरुको प्रतिनिधिको हैसियतमा सबै सरोकारवालालाई जानकारी गर्ने गराउने ।

१२. गाविस/नगरपालिका र इलाकास्तरीय ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम/आयोजनासंग समन्वय गरी त्यसको विवरण पेश गर्ने ।

१३. जिल्लाभित्र संचालित ऊर्जा, वातावरण तथा जलवायु परिवर्तनसंग सरोकार रहने सबै विकास सम्बन्धी परियोजनाहरुको सूचना संकलन गर्ने, विश्लेषण गर्ने, लगत राख्ने र श्रोत केन्द्रको रूपमा काम गर्ने ।

१४. वातावरण, उर्जा, फोहर व्यवस्थापन तथा विपद व्यवस्थापन सम्बन्धि कार्यहरुको वारेमा विषयगत मन्त्रालय वा केन्द्रीयस्तरका निकायहरुवाट अनुरोध भइ आएमा सूचना संकलन वा निरीक्षण/अनुगमन लगायत ती निकायले अनुरोध गरेका क्षेत्रमा समेत सहयोग पुर्याउने ।

## ६. जिल्ला विकास समितिको भूमिका एवं जिम्मेवारी

(१) यस मार्गदर्शन अनुकुल हुनेगरी जिल्ला विकास समितिमा वातवरण, उर्जा तथा जलवायु परिवर्तन शाखा संचालनमा ल्याउने,

(२) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी सिद्धान्त र प्रक्रियाहरुको अनुकरण गर्दै **वातावरणमैत्री स्थानिय शासन** संचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(३) विषयगत मन्त्रालय, कार्यक्रम, कार्यालय र स्थानीयस्तर बीच संस्थागत समन्वय र सम्वन्ध विकास गर्ने,

(४) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी संचालनको सुनिश्चितता कायम गर्ने,

(५) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी दीर्घकालीन नीति/योजना बनाई आवधिक जिल्ला विकास योजनामा समावेश गराउने,

(६) शाखा मार्फत ऊर्जा, वातावरण, फोहर एवं विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्वन्धी कार्यक्रमको बार्षिक समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरण गर्न आवश्यक पहल गर्ने,

(७) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,

(८) शाखाबाट तयार भई पेश भएको वार्षिक कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई जिल्ला परिषदमा पेश गर्ने,

(९) शाखा संचालनार्थ आवश्यक वित्तीय स्रोत विनियोजन गर्ने र भौतिक पूर्वधारको प्रवन्ध मिलाउने,

(१०) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा संलग्न सरकारी, गैर सरकारी र निजी क्षेत्र तथा दातृ निकायबाट संचालित कार्यक्रमहरु बीच संजाल निर्माण गर्ने,

(११) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम संचालन गर्दा घरपरिवार,गैर सरकारी संस्था, सामुदायिक संस्था तथा निजि क्षेत्रलाई प्रबर्द्धन गरी संलग्न गर्ने गराउने,

(१२) जिल्लामा वातावरणमैत्री स्थानिय शासन जिल्ला समन्वय समिति स्थापना गरि योजना तर्जुमा कार्यान्वयन, अनुगमनलाइ सुदृढ गर्ने,

(१३) ऊर्जा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धि कार्यक्रमको तर्जुमा तथा ब्यबस्थापनमा वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र तथा वातावरण मन्त्रालय र अन्य सम्बन्धित निकायसंग आबद्ध भई प्राबिधिक तथा आर्थिक सहयोग प्राप्त गर्ने,

(१४) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी जिल्लामा भएका योजना तथा प्रगति विवरण/प्रतिवेदन चौमासिक रुपमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय(वातावरण व्यवस्थापन शाखा) तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा नियमित रुपमा उपलब्ध गराउने ।

## ७. केन्द्रीय तहका सरोकारवालाहरुको भुमिका एवं जिम्मेवारी

### (क) संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

(१) जिल्ला विकास समितिमा ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखा संचालन र दरवन्दी सिर्जना गर्न नीतिगत तथा ब्यबस्थापकीय सहयोग गर्ने ।

(२) शाखा संचालनमा सहयोग पुऱ्याउने, केन्द्रीयस्तरका साझेदारबीच समन्वय गरी स्थानीयस्तरमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता कायम गर्ने ।

(३) शाखाको संचालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयाग गर्ने ।

(४) पूर्ण निक्षेपणको अवधारणा अनुसार, वातावरण उर्जा तथा जलवायु परिवर्तन सम्वन्धी निक्षेपित कार्य सम्पादनमा जिल्ला विकास समितिको क्षमता अभिबृद्धि गर्ने ।

(५) शाखालाई जिविसमा आन्तरिकीकरण र व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा प्रक्रियागत कार्यमा सहयोग गर्ने, गराउने ।

**(ख) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय**

(१) नवीकरणीय ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी स्थानीयस्तरमा संचालन हुने नवीकरणीय ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी कार्यहरु शाखा मार्फत कार्यान्वयन गर्ने वातावरण तयार गर्ने,

(२) जि.वि.स.लाई शाखा सञ्चालनार्थ सशर्त वा निशर्त बजेट (ऋण, संचालन खर्च एवं अनुदान) उपलव्ध गराउने,

(३) नवीकरणीय ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने,

(४) नवीकरणीय ऊर्जा, वातावरण, विपद् एवं फोहर व्यवस्थापन, जलवायु परिवर्तन जस्ता बिषयमा जि.वि.स. र शाखाको क्षमता विकासको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(५) वातावरणमैत्री स्थानीय शासनको प्रारुप २०७० का सूचकहरु हासिल हुनेगरी सहयोग परिचालनमा सहजीकरण गर्ने,

(६) नवीकरणीय ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी कार्यका लागि आवश्यक श्रोत उपलब्ध गराउन वाह्य सहयोग प्राप्त गर्न सम्पर्क र समन्वय गर्ने,

**(ग) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

(१) स्थानीय तहमा जिल्ला विकास समिति मार्फत उर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न केन्द्रस्तरमा सहजीकरण गर्ने,

(२) स्थानीयस्तरका सरोकारवालाहरुलाई ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी व्यवस्थापकीय, प्राविधिक र अन्य सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाउने,

(३) स्थानीय निकाय मार्फत ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी कार्यक्रम सञ्चालन गर्न तथा सो कार्यका लागि स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(४) स्थानीयस्तरमा सञ्चालित ऊर्जा (वातावरण तथा जलवायु परिवर्तन) सम्वन्धी कार्यक्रमको निरीक्षण, अनुगमन एवं मूल्यांकन तथा प्रगति समीक्षा गरी कार्यक्रमको सफल कार्यान्वयनका लागि पृष्ठपोषण गर्ने,

(५) शाखा र यस सम्बन्धी कार्यक्रम सञ्चालनका लागि जिविसलाई सशर्त वा निशर्त रकम (सञ्चालन खर्च एवं अनुदान) उपलव्ध गराउने,

(६) ऊर्जा सम्वन्धी कार्यक्रमबारे आवश्यक अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने,

(७) शाखा सञ्चालनबाट हासिल गरिएका अनुभव तथा सिकाइहरु बारे केन्द्रस्तरका सरोकारवाला बीच अन्तरक्रिया तथा छलफल गरी अनुभव आदान-प्रदान गर्ने,

(८) ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन कार्यक्रमको योजना कार्यान्वयन सम्बन्धित निकायहरुसँग समन्वय, अनुगमन लगायतका कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने ।